**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १३ फरवरी २०२५

समयः १८:५० – १६:०० बजे

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मूले सरकारी विभागहरूले उदीयमान प्रविधिहरूको सर्वोत्तम प्रयोग गरेर आफ्नो प्रणालीलाई आधुनिकीकरण र डिजिटलिकरण गर्न आवश्यक रहेको बताउनु भएको छ I
- आज विश्व रेडियो दिवस हो। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ -समाचार र संस्कृतिदेखि संगीत र कथावाचनसम्म रेडियो सिर्जनशीलताको उत्सव मनाउने सशक्त माध्यम भएको छ ।
- वक्फ संशोधन विधेयक २०२४ सित सम्बन्धि संयुक्त समितिको रिपोर्ट आज संसदका दुवै सदनमा विपक्षको विरोध बीच पेश गरियो।
- पश्चिम बंगाल सरकारले बिधानसभा चुनाव अघि बर्ष २०२५-२६ को आफ्नो अन्तिम पूर्ण बजेट पेश गरेको छ।
- दुई वर्षे रेगुलर डीएलएड अनइम्प्लोइड एसोसिएसनले जिटिए टेट परिक्षाको परिणाम चाडैं सार्वजनिक गर्ने माग गरेको छ।

**राष्ट्रपति द्रौपदी मुर्मू**

राष्ट्रपति द्रौपदी मुर्मूले सरकारी विभागहरूले उदीयमान प्रविधिहरूको सर्वोत्तम प्रयोग गरेर आफ्नो प्रणालीलाई आधुनिकीकरण र डिजिटाइज गर्न आवश्यक रहेको बताउनु भएको छ I भारतीय नागरिक लेखा सेवा, भारतीय डाक र दूरसञ्चारका प्रोबेशनरहरूको एक समूहलाई आज राष्ट्रपति भवनमा सम्बोधन गर्दै राष्ट्रपति मुर्मु ले यस्तो मन्तब्य पोख्नु भएको हो। उहाँले युवा अधिकारीहरूलाई आफूलाई उन्नत प्रविधि र सीपसँग परिचित राख्न र अधिक नागरिक केन्द्रित, कुशल र पारदर्शी शासन प्रणाली सिर्जना गर्न प्रयास गर्न आग्रह गर्नुभएको छ। राष्ट्रपति मुर्मूले आफ्नो करियरमा उत्कृष्टता हासिल गर्न मात्र नभई देशका जनतालाई सरकारी सेवाको प्रभावकारी वितरणमा समेत योगदान पुर्याउन आफूहरुले सक्दो प्रयास गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

****** ० ******

**विश्व रेडियो दिवस-**

आज विश्व रेडियो दिवस हो। रेडियोको महत्त्वको बारेमा मानिसहरूलाई जागरुक गराउन र रेडियो मार्फत जानकारी प्राप्त गर्न प्रोत्साहित गर्न हरेक वर्ष 13 फरवरीमा विश्व रेडियो दिवस मनाइन्छ। यो दिन विश्वको हरेक भागमा मानिसहरूसम्म पुग्न र एकजुट गर्न रेडियोको अद्वितीय उपयोगितालाई सम्झने दिन पनि हो। यो वर्ष विश्व रेडियो दिवसको विषय- रेडियो र जलवायु परिवर्तन रहेको छ। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले शुभकामना व्यक्त गर्नुभएको छ । प्रधानमन्त्री श्री मोदीले रेडियो धेरै मानिसका लागि एक कालातीत जीवनरेखा भएको उल्लेख गर्नुहुदै यसले जनतालाई सुसूचित, प्रेरणा र सम्पर्क गर्ने बताउनु भएको छ । उहाँले भन्नुभएको छ -समाचार र संस्कृतिदेखि संगीत र कथावाचनसम्म रेडियो सिर्जनशीलताको उत्सव मनाउने सशक्त माध्यम भएको छ । श्री मोदीले रेडियोको दुनियाँसँग सम्बन्धित सबैलाई पनि बधाई दिनुभएको छ। प्रधानमन्त्री श्री मोदीले यसै महिनाको २३ तारिखमा हुने 'मन की बात' कार्यक्रमका लागि देशवासीलाई आफ्ना विचार र सुझावहरू साझा गर्न पनि आमन्त्रण गर्नुभएको छ।

****** ० ******

**वक्फ- संशोधन विधेयक 2024**

वक्फ संशोधन विधेयक 2024 सित सम्बन्धि संयुक्त समितिको रिपोर्ट आज संसदका दुवै सदनमा विपक्षको विरोध बीच पेश गरियो। दिउँसो 2 बजी लोकसभाको कार्यवाही पुनः शुरू हुने बितिक्कै संयुक्त समितिका अध्यक्ष जगदम्बिका पालले सदनमा रिपोर्ट पेश गर्नुभयो। रिपोर्टलाई लिएर विपक्षले हंगामा मच्चाए। हंगामाको बीच केन्द्रीय गृह मन्त्री अमित शाहले भन्नुभयो -यदि लोकसभा अध्यक्ष ओम बिरलाले यस रिपोर्टमा असहमति नोट शामेल गर्ने अनुमति दिनुहुन्छ, जसको विपक्षी सदस्यहरुले माग गरिरहेका छन्, यसमा भारतीय जनता पार्टीलाई कुनै आपत्ति हुनेछैन। कांग्रेस, डीएमके, समाजवादी पार्टी, टीएमसी र अन्य विपक्षी दलहरुले रिपोर्ट विरुद्ध विरोध प्रकट गर्दै सदनबाट वक आउट गरे।यस अघि वक्फ संशोधन विधेयक 2024 सित सम्बन्धि संयुक्त समितिको रिपोर्टलाई लिएर विपक्ष सदस्यहरुको हंगामालाई ध्यानमा राख्दै लोकसभाको कार्यवाही दिउसो 2 बजी सम्मका लागि स्थगित गरिएको थियो। अर्कोतर्फ, आज बिहान राज्यसभामा सदनको कार्यवाही सुरु हुने बित्तिकै, विपक्षीको विरोधका बीच भारतीय जनता पार्टीकी सांसद डा. मेधा विश्राम कुलकर्णीले वक्फ संशोधन विधेयक 2024 को संयुक्त समितिको रिपोर्टको एक प्रति सदनमा प्रस्तुत गर्नुभयो। यसैबीच, विपक्षी सदस्यहरूले नाराबाजी जारी राखे। यो स्थिति देखेर सभापति जगदीप धनखडले उनीहरुलाई सदनको कारबाही जारी राख्न अनुरोध गर्नुभयो तर उँहाको सुझावको कुनै प्रभाव भएन। सभापतिले विरोध गर्ने सदस्यहरूलाई कारबाही गरिने चेतावनी समेत दिनुभयो।

****** ० ******

**पश्चिम बंगाल- पूर्ण बजेट**

पश्चिम बंगाल सरकारले बर्ष २०२६ 2026 को बिधानसभा चुनाव अघि आफ्नो अन्तिम पूर्ण बजेट पेश गरेको छ । बित्त राज्यमन्त्री चन्द्रिमा भट्टाचार्यले हिज बिधानसभामा बित्त वर्ष २०२५-२६ का लागि ३लाख ८९ हजार करोड रुपियाँ को बजेट प्रस्तुत गरेकी हुन् । ग्रामीण विकास र पञ्चायतका लागि बजेटमा ४४ हजार करोड रुपियाँको व्यवस्था गरिएको छ । स्वास्थ्य, शिक्षा, आवास र 'पथश्री' योजनामा पनि बजेट बढाइएको छ । तर, यसपटक 'लक्ष्मी भण्डार' योजनाका लागि बजेटमा थप रकम आवन्टन गरिएको छैन ।बजेटमा सामाजिक कल्याण, ग्रामीण विकास, महिला सशक्तीकरण र पूर्वाधारमा जोड दिइएको छ ।कर्मचारीहरुको महँगी भत्ता चार प्रतिशतले बढेको छ। यो वृद्धि आगामी एक अप्रेल देखि लागू हुनेछ ।जसको कारण कुल भत्ता बडेर १८ प्रतिशत हुनेछ l

****** ० ******

**राज्य लोक निर्माण एवं शहरी विकास विभाग -बजेट आवन्टन**

पश्चिम बङ्गाल राज्यको लोक निर्माण तथा शहरी विकास विभागले उत्तर बङ्गालका १५ नगरपालिका र सिलिगुडी नगर निगमलाई विभिन्न विकास परियोजनाहरूमा काम गर्न पहिलो किस्तामा ५२ करोड रुपिया आवन्टन गरेको छ। १५औं वित्त आयोगको संयुक्त तथा बंधन कोषको पहिलो किस्तामा राज्य बजेट अघि नै उक्त रकम आवन्टन गरिएको हो ।आधिकारिक सुत्र अनुसार, नगरपालिकाहरूले सडक निर्माण र जीर्णोद्धार, सडक बत्ती, फुटपाथ निर्माण, साना वस्तुहरूबाट फर्निचर खरीद, पुरानो बिलहरू र पानी परियोजनाहरूको निपटानमा प्रयोग गर्न सक्नेछन । ऋणपत्र कोषबाट प्राप्त रकम स्वच्छता परियोजनाहरु , शौचालय निर्माण र शुद्ध पेयजल आयोजना जस्ता विशिष्ट क्षेत्रमा प्रयोग गर्न सकिनेछ l

****** ० ******

**कालेबुंग -माग**

दुई वर्षे रेगुलर डीएलएड अनइम्प्लोइड एसोसिएसनले आज कालेबुङ शहरमा व्यापक पोस्टरिङ गर्दै बिगत १४ फरवरी २०२१मा दार्जीलिङमा सम्पन्न भएको जिटिए टेट परिक्षाको परिणाम चाडैं सार्वजनिक गर्ने माग गरेको छ। पोस्टरिङ गरिए पछि पत्रकारहरुलाई सम्बोधन गर्नुहुदै एसोसिएसनका अध्यक्ष अब्राहम छेत्रीले टेट परीक्षा भएको ५ बर्ष बिति सक्दा पनि परीक्षा गराउने गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनले आज सम्म परिक्षार्थीहरुलाई न्याय दिन नसकेको आरोप लगाउनु भयो। उहाँले भोलि दार्जीलिङ शहरमा पनि पोस्टरिङ गरिने बताउनु हुँदै परिक्षार्थीहरुले न्याय न पाए बोर्डको परिक्षा पछि अनिश्चितकालिन आमरण अनशनमा जाने बताउनु भएको छ।

****** ० ******

**नेहरू युवा केन्द्र –मिरिक -अरुणाचल प्रदेश**

नेहरू युवा केन्द्र – माई भारत दार्जीलिङ तथा युवा मामिला एवं खेलकुद मन्त्रालयका सदस्य मिरिक महकुमा  थुर्बु ९ माइल निवासी  अनमोल गुरुङ र प्रदिन प्रधान ले बिगत १२ देखि १६ फरवरी २०२५ सम्म अरुणाचल प्रदेशको ईटानगरमा जारी रहेको अन्तरराज्यीय  युवा आदान - प्रदान कार्यक्रम २०२५ मा भाग लिएका छन् I  उक्त कार्यक्रम नेहरू युवा केन्द्र – माई भारत ईटानगर, युवा मामिला तथा खेलकुद मन्त्रालय, भारत सरकार तथा अरुणाचल प्रदेश सरकारको युवा मामिला तथा खेलकुद विभागको संयुक्त आयोजनामा भइरहेको छ। 'आफ्नो छिमेकीलाई चिन्नुहोस्" मुख्य नारा को साथमा आयोजित यस कार्यक्रममा पश्चिम बंगालको बाँकुरा, कूचबिहार, जलपाइगुड़ी, नदिया र पश्चिम मेदिनीपुर जिल्लाका २५ जना युवाहरुले भाग लिएका  छन् I

****** ० ******

**दार्जीलिंग -रक्तदान शिविर**

बिहीबारे गोर्खे हाट समूह र दार्जीलिङ नगरपालिकाको संयुक्त पहलमा आज  स्थानीय चौकबजार स्थित मोची लाइनमा रक्तदान शिविरको आयोजना गरियो। जसमा दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरीका साथै कैयौं मानिसहरूले स्वेच्छाले रक्तदान गरे। यसैबीच, नगरपालिका अध्यक्ष ठकुरीले रक्तदान नै श्रमदान रहेको बताउँदै रक्तदान जस्तो ठूलो कार्य अरू हुन नसक्ने बताउनु भयो।

****** ० ******

**कालेबुङ- प्राणी सम्पद विकास विभाग-कार्यशाला**

प्राणी सम्पद विकास विभाग, कालेबुङले आज  एकदिवसीय क्षेत्र स्तरीय  कार्यशालाको आयोजना  गऱ्यो। विभागको सभा गृहमा  आयोजित यस कार्यशालामा जीटीए प्राणी सम्पद विकास विभागका कार्यकारी निर्देशक सुमेधा प्रधान प्रमुख अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो भने  कालेबुङ-एक  पञ्चायत समिति अध्यक्ष ममता गुरूङ र कर्माध्यक्ष योगेन्द्र भण्डारी बिशिस्ट अतिथिको रुपमा उपस्थित हुनुहुन्थ्यो।

****** ० ******

**खर्सांग -अम्बोटे -श्रीमद्भागवत महापुराण**

खर्सांग महकुमा अन्तर्गत  अम्बोटे  कुमालटार  कल्याण संघको आयोजनामा आज देखि  श्रीमद् भागवत महा पुराण शुरू भएको छ। 21 फरवरी सम्म चल्ने यस पुराणमा प्रमुख व्यास श्री श्री कृष्ण दास प्रभुले भक्तजनलाई श्रीमद् भागवत महापुराणको कथाहरू द्वारा भगवानको अमृतमय लीलाहरुको रस्वादान  गराउनु हुनेछ। कार्यक्रमको प्राम्भमा आज कलशयात्रा निकालियो। यस कलश यात्राले  अम्बोटे क्षेत्रमा रहेको प्रसिद्ध देव धामहरुको परिक्रमा गरेको थियो।

****** ० ******

**सशस्त्र सीमा बल – जागरूकता कार्यक्रम**

आठऔ  वाहिनी सशस्त्र सीमा बल  खोप्रेलको वाहिनी परिसरमा संदीक्षा परिवारद्वारा "स्वास्थ्य शिविर तथा जागरूकता/जाँच कार्यक्रम" सम्पन्न भयो।कार्यक्रमको उद्घाटन संदीक्षा अध्यक्ष श्रीमती स्वेता गुप्ताले गर्नुभयो उहाँले यस अवसरमा स्वास्थ्य परीक्षणको महत्त्वबारे प्रकाश पार्दै संदीक्षा परिवारका सदस्यहरूलाई विभिन्न रोगहरूको रोकथाम तथा उपचारका लागि सचेत रहन प्रेरित गर्नुभयो।

****** ० ******